# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः २ | सङ्ख्याः १२ | मितिः २०७५/१०/०३


## धर्मकाँटा सञ्चालन तथा व्यवस्थापन अन्तरिम मार्गदर्शन, २०७५

**प्रमाणीकरण मिति : २०७५।१०।०२**

**प्रस्तावना :** हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र भएर सञ्चालन हुने मालवाहक सवारी साधनहरुको वजन निर्धारण र नियमन गरी सडक संरचनाको संरक्षण एवम् यातायात व्यवस्थापनमा पर्ने असरहरुलाई न्यूनीकरण गर्दै ट्राफिक व्यवस्थापनमा सहजीकरण गर्ने लगायतका उद्देश्यहरु पालना गर्न र गराउन मकवानपुर जिल्ला प्रशासन कार्यालयले मिति २०७५।...।... गते धर्मकाँटा सञ्चालन गर्न गरेको निर्णयको उद्देश्य पूरा गर्न हेटौंडा उपमहानगरपालिका, नारायणी यातायात व्यवसायी संघ, हेटौंडा र नारायणी यातायात व्यवसायी कम्पनी प्रा.लि., हेटौंडा बीच त्रिपक्षीय सार्वजनिक निजी साझेदारी (PPP) अवधारणा अनुसार धर्मकाँटा सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले हेटौंडा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम हेटौंडा उपमहानगरपालिकाको मिति २०७५।१०।०२ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय बमोजिम यो अन्तरिम मार्गदर्शन स्वीकृत गरि लागु गरिएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस मार्गदर्शनको नाम "धर्मकाँटा सञ्चालन तथा व्यवस्थापन मार्गदर्शन, २०७५" रहेको छ ।

(ख) यो मार्गदर्शन नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) **"ऐन"** भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई सम्झनु पर्दछ ।

(ख) **"नियमावली"** भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई सम्झनु पर्छ ।

(ग) **"सार्वजनिक निजी साझेदारी निर्देशिका"** भन्नाले हेटौंडा उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी योजना सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७४ लाई सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ । साथै सो शब्दले साझेदारको कार्यालय समेतलाई बुझाउँछ ।

(ङ) **"साझेदारी"** भन्नाले सार्वजनिक निजी साझेदारीलाई सम्झनु पर्दछ ।

(च) **"धर्मकाँटा"** भन्नाले मालवाहक सवारी साधनको कूल वजन जोख्ने प्रयोजनका लागि सडक किनारामा स्थापना गरिएको उपकरण वा यन्त्र सहितको संरचनालाई सम्झनु पर्छ ।

(छ) **"एक्सल लोड"** भन्नाले सवारी साधनको कुनै एउटा एक्सलको वजनलाई सम्झनु पर्छ ।

(ज) **"पोर्टेवल** (Portable) **एक्सल लोड मापन उपकरण"** भन्नाले मालवाहक सावरी साधनको भारवहन नियमन प्रयोजनका लागि आवश्यकता अनुसार स्थलगत रुपमा एक्सल लोड मापन गर्नका लागि प्रयोग हुने यन्त्रलाई सम्झनु पर्छ ।

(झ) **"मालवाहक सवारी"** भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सवारी साधनलाई सम्झनुपर्छ ।

(ञ) **"भारवहन क्षमता"** भन्नाले मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ को अनुसूची-१ अन्तर्गत तोकेको कूल वजलाई सम्झनु पर्छ ।

(ट) **"लोडसिट"** भन्नाले मालवाहक सवारी साधनको कूल वजन प्रमाणित हुने सम्बन्धित सरकारी निकाय वा कानुन बमोजिम गठन भएका संगठित निकायले सञ्चालन गरेको धर्मकाँटाद्वारा प्रमाणित गरिएको कम्प्युटर प्रिन्ट भएको पर्चालाई सम्झनुपर्छ ।

(ठ) **"प्रशासनिक खर्च"** भन्नाले धर्मकाँटा सञ्चालनमा खटिने कर्मचारीहरुको तलव, भत्ता, अन्य सुविधाहरु, अनुगमन खर्च, बाटो मर्मत तथा व्यवस्थापन खर्च, व्यवस्थापन समितिको वैठक खर्च लगायतका दैनिक रुपमा गर्नुपर्ने खर्चहरु समेतलाई सम्झनुपर्छ ।

(ड) **"समिति"** भन्नाले यस मार्गदर्शनको दफा १५ बमोजिम गठित व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

३. **उद्देश्य : यस मार्गदर्शनको उद्देश्य देहाय बमोजिम हुनेछ :**

(क) यस उपमहानगरपालिका क्षेत्रभित्र राजमार्ग भएर सञ्चालन हुने मालवाहक सवारी साधनको वजन निर्धारण गर्ने,

(ख) मालवाहक सवारी साधनको नियमन गरी सडक संरचनाको संरक्षण गर्ने,

(ग) यातायात व्यवस्थापनमा पर्ने असरहरुलाई न्यूनीकरण गर्ने,

(घ) ट्राफिक व्यवस्थापनमा सहजीकरण गर्ने,

(ङ) उपमहानगरपालिकाभित्र सार्वजनिक निजी साझेदारी कार्यक्रम मार्फत आन्तरिक आय प्रवर्द्धनलाई प्रोत्साहन गर्ने,

(च) मकवानपुर जिल्ला प्रशासन कार्यालयले निर्णय गरी व्यवस्थापन गर्न दिएको धर्मकाँटालाई यातायात व्यवसायीको समन्वयमा प्रयोग गर्ने ।

## परिच्छेद–२

## सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत संलग्न निकाय, तिनीहरुको भूमिका र कर्मचारी सम्बन्धी व्यवस्था

४. **सार्वजनिक निकाय :** हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

५. **निजी/संस्थागत निकाय :** (१) नारायणी यातायात व्यवसायी संघ, हेटौंडा

(२) नारायणी यातायात व्यवसायी कम्पनी प्रा.लि., हेटौंडा

६. **साझेदारहरुको भूमिका :** यस मार्गदर्शनमा अन्यत्र लेखिएदेखि बाहेक साझेदारहरुको भूमिका देहाय बमोजिम हुनेछ :

(क) धर्मकाँटा सञ्चालन तथा व्यवस्थापनका क्रममा यस मार्गर्दशनको उल्लंघन गरेको पाइएमा मार्गदर्शन अनुरुप गर्न आवश्यक निर्देशन दिने,

(ख) मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ को अक्षरशः पालना गर्न लगाउने,

(ग) धर्मकाँटा सञ्चालन तथा व्यवस्थापन संलग्न अन्य निजी/संस्थागत निकाय, अन्य सरकारी तथा गैरसकारी निकायसँग समन्वय गर्ने,

(घ) धर्मकाँटा सञ्चालनको अवस्था र त्यसको प्रगतिवारे मासिक प्रतिवेदन पेश गर्न लगाउने ।

(ङ) हेटौंडा उपमहानगरपालिकाबाट नारायणी यातायात व्यवसायी संघ र नारायणी यातायात व्यवसायी कम्पनी प्रा.लि.लाई समय समयमा दिएको निर्देशन पालना गर्ने, गराउने कार्यमा सक्रियता देखाउने,

(च) धर्मकाँटा सञ्चालन तथा व्यवस्थापनका क्रममा भएका आम्दानी तथा खर्चको चुस्त दुरुस्त खातावही राख्न लगाउने,

(छ) धर्मकाँटाको मासिक प्रगति प्रतिवेदन साझेदार संस्थाहरुमा पेश गर्न लगाउने,

(ज) धर्मकाँटा सञ्चालनमा आएको समस्या तथा विवादको वारेमा हे.उ.म.न.पा.सँग सहकार्य गरी समाधानको उपाय खोज्ने र दफा १५ अनुसार गठित समितिलाई सक्रिय गराउने,

(झ) कर्मचारीहरुको व्यवस्थापन गर्ने गराउने ।

७. **कर्मचारी सम्बन्धी व्यवस्था :** (१) धर्मकाँटा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक पर्ने कर्मचारी संख्या धर्मकाँटा व्यवस्थापन समितिले सिफारिस गर्नेछ । यसरी सिफारिस भएको कर्मचारी संख्या समितिसंग परामर्श गरी साझेदारले उपलब्ध गराउने छन् ।

(२) नियुक्त भएका कर्मचारीहरुलाई सिफ्टका आधारमा धर्मकाँटा सञ्चालन गर्न खटाइने छ । समितिको सिफारिस बमोजिम इन्चार्जको जिम्मेवारी पाएको कर्मचारीले आफ्नो मातहतको कर्मचारीलाई आवश्यकता अनुसारको सिफ्टमा खटाउन सक्नेछ ।

(३) धर्मकाँटा सञ्चालन तथा व्यवस्थापनमा खटिने कर्मचारीहरुलाई परिचय-पत्र उपलब्ध गराउनु पर्नेछ ।

(४) धर्मकाँटा सञ्चालन तथा व्यवस्थापनमा खटिने कर्मचारीहरुको विवरण जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक कार्यालय र आवश्यकता अनुसार सम्बन्धित अन्य कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

८. **कर्मचारीको तलव सुविधा :** (१) धर्मकाँटा सञ्चालनमा खटिने कर्मचारीहरुको तलव, भत्ता लगायतका अन्य सुविधाहरु धर्मकाँटा व्यवस्थापन समितिले निर्धारण एवम् सिफारिस गरेका आधारमा समितिले संचालन गरेको कोषबाट व्ययभार व्यहोरिने छ ।

९. **इन्चाजको कार्म, कर्तव्य र अधिकार :** यस मार्गदर्शनमा अन्यत्र लेखिए देखि बाहेक समितिको सिफारिसमा नियुक्त गरिएको इन्चार्जको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस मार्गदर्शनको परिच्छेद-४ दफा १६ अन्तर्गत उल्लेख गरिएका सम्पूर्ण कार्यहरु गर्नु पर्नेछ ।

(ख) व्यवस्थापन समितिले दिएका निर्देशनहरुको पालना गर्ने, गराउने ।

(ग) प्रचलित कानुनले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद–३

## मालवाहक सवारीको तौल निरिक्षण तथा अनुगमन, शुल्क, लोड सिट सम्बन्धी व्यवस्था

१०. **मालवाहक सवारीको तौलको निरीक्षण तथा अनुगमनः** (१) प्रत्येक मालवाहक सवारी साधन सञ्चालकले उक्त मालवाहक सवारीले वोकेको सामान सहितको सवारीको कूल वजन खुल्ने लोडसिट वा आधिकारिक प्रमाण साथमा लिई मात्र सवारी साधन सञ्चालन गर्नुपर्नेछ ।

(२) भारवहन नियन्त्रण तथा अनुगमन गर्नका लागि सम्वद्ध निकायहरुले सार्वजनिक निजी साझेदारी अन्तर्गत सञ्चालित धर्मकाँटाको उपयोग गर्न सक्नेछन् ।

(३) अनुगमनको समयमा मालवाहक सवारीको चालकले देखाएको लोडसिटमा शंका लागेमा अनुगमन गर्ने कर्मचारी वा ट्राफिक प्रहरीले पुनः नजिकको धर्मकाँटाको प्रयोग गरि कूल वजनको एकिन गर्न सक्नेछ ।

(४) मालवाहक सवारीको तौलको निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ अनुसार हुनेछ ।

**११. शुल्क र लोडसिट सम्बन्धी व्यवस्था :** (१) धर्मकाँटा सञ्चालन गर्दा प्रति मालवाहक सवारी साधन तौल गरे वापतको शुल्क (मु.अ.कर सहित) रु.५०।- (रु. पचास) लिइनेछ ।

(२) तौल सम्बन्धी विवरण खुल्ने गरी सम्बन्धित मालवाहक सवारी साधनको चालकलाई कूल वजनको तौल मापन गरेपछि धर्मकाँटा सञ्चालकले वा तोकिएको कर्मचारीले प्रमाणीत गरी मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ को अनुसूची-२ अन्तर्गतको ढाँचामा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (३) अनुसार पुनः चेक जाँच गर्दा तौल फरक परेमा सम्बन्धित धर्मकाँटा र चेकजाँच गर्ने कर्मचारीलाई नियमानुसार कारवाही गरिने छ ।

**१२. धर्मकाँटाको अनुगमन सम्बन्धी व्यवस्था :** सञ्चालित धर्मकाँटाको अनुगमन गर्ने जिम्मेवारी व्यवस्थापन समितिको हुनेछ । यस व्यवस्थाले यातायात व्यवस्था विभाग, मातहतका कार्यालय र अन्य सम्बन्धित निकायको अनुगमलाई बाधा पुऱ्याएको मानिने छैन ।

**१३. जरिवाना सम्बन्धी व्यवस्था** : मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ को दफा ९ बमोजिम सम्बन्धित निकायको सहयोग, सहकार्य र समन्वयमा जरिवाना गर्न सकिनेछ ।

**१४. भारवहन क्षमता :** मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ को दफा १३ बमोजिमको व्यवस्था लागु गरिनेछ ।

## परिच्छेद–४

## व्यवस्थापन समिति र आर्थिक व्यवस्थापन

**१५. व्यवस्थापन समिति सम्बन्धी व्यवस्था :** (१) धर्मकाँटा सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुख | | संरक्षक |
| (ख) हेटौंडा उपमहानगरपालिकाको उपप्रमुख | | संयोजक |
| (ग) नारायणी यातायात व्यवसायी संघ, हेटौंडाको प्रतिनिधि | २ जना | सदस्य |
| (घ) नारायणी यातायात व्यवसायी कम्पनी प्रा.लि.को प्रतिनिधि | २ जना | सदस्य |
| (ङ) हेटौंडा उपमहानगरपालिकाले तोकेको अधिकृत प्रतिनिधि | | सदस्य सचिव |

व्यवस्थापन समितिले आवश्यकता अनुसार विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) यस मार्गदर्शनमा अन्यत्र लेखिए देखि बाहेक व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) उपदफा (१) बमोजिम गठित समितिले कम्तीमा महिनामा एक पटक बैठक वस्नु पर्नेछ ।

(ख) धर्मकाँटा सञ्चालनको क्रममा भए गरेका काम कारवाही र धर्मकाँटाको अवस्थावारे आवश्यकताका आधारमा अनुगमन गर्नु पर्नेछ ।

(ग) धर्मकाँटाबाट भएको आम्दानी खर्चको विवरण अद्यावधिक गर्न लगाउनु पर्नेछ ।

(घ) संयुक्त रुपमा खोलिएको बैंक खाता र सो बाट भएका आम्दानी खर्चको लेखा परीक्षण गराउनु पर्नेछ ।

(ङ) मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गर्न लगाउनु पर्ने र आवधिक समीक्षा समेत गर्नु पर्नेछ ।

(च) धर्मकाँटा विग्रिएको अवस्थामा मर्मत सम्भार गर्ने गराउने काममा सहजीकरण गर्नुपर्नेछ ।

(छ) व्यवस्थापन समितिले आफ्नो काम कारवाहीमा सहजीकरण गर्ने प्रयोजनका लागि उपसमिति गठन गरी जिम्मेवारी दिन सक्नेछ ।

१६. **आर्थिक व्यवस्थापन सम्बन्धी व्यवस्था :** (१) धर्मकाँटा सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक सामान खरिद तथा मर्मत सम्भार सम्बन्धी कार्य गर्न गराउन आवश्यक भएमा व्यवस्थापन समितिले गर्नेछ ।

(२) धर्मकाँटा सञ्चालन सम्बन्धी आय व्यय विवरण प्रचलित ढाँचामा छुट्टै अभिलेख राख्नुपर्नेछ ।

(३) धर्मकाँटाबाट हुने आम्दानी खर्च अभिलेख तथा व्यवस्थापनका लागि छुट्टै बैंक खाता सञ्चालन गरिनेछ ।

(४) बैंक खाता सञ्चालन व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

(५) यसरी सञ्चालन भएको खातामा नियमित रुपमा धर्मकाँटाबाट प्राप्त आम्दानी प्रचलित कानुन बमोजिम तोकिएको समयभित्र दाखिला गर्नु पर्नेछ र सोही खाताबाट कर्मचारीहरुको तलव भत्ता लगायत अन्य सुविधाहरु र अन्य प्रशासनिक खर्च समेत गरिनेछ ।

(६) तौल नगरी वा धर्मकाँटा र खटिएका कर्मचारी उपर कुनै पनि नियम विपरित कार्य गरी हिंड्ने सवारी साधनलाई दायरामा ल्याउन वा अन्य अपरझट परिन आउने कार्यको समितिलाई जानकारी गराई सम्बन्धित कर्मचारीले गर्नेछ । सो कार्य गर्दा आउने खर्च समितिबाट यथासक्य छिटो संयोजकबाट अनुमोदन गराउनु पर्नेछ ।

(७) प्रशासनिक खर्च कटाई बाँकी रहेको बचत रकम धर्मकाँटा सञ्चालनको कारणबाट प्रभावित क्षेत्र, यातायात, शिक्षा र स्वास्थ्य क्षेत्रमा व्यवस्थापन समितिबाट निर्णय भए अनुसार लगानी गरिनेछ । त्यस्तो लगानी उ.म.न.पा.को सामाजिक नीतिलाई प्राथमिकतामा राखिने छ ।

(८) धर्मकाँटाको आम्दानीबाट खर्च धान्न नसक्ने अवस्था सृजना भएमा सवै साझेदार संस्थाहरुले थप लगानी गर्नुपर्ने भए सो समेत गर्नुपर्नेछ । तर यसरी थप लगानी गर्नु पर्ने कारण व्यवस्थापन समितिले पुष्ट्याई गर्नुपर्नेछ ।

## परिच्छेद–५

## विविध

**१७. बढी भार बोकेका सवारी साधनको सामान व्यवस्थापन सम्बन्धमा :** (१) तोकिएको भारवहन क्षमता भन्दा बढी भार बोकी आएका मालवाहक सवारी साधनले प्रचलित कानुन अनुसारको जरिवाना गर्नुका साथै बढी भएको सामान झार्न लगाई सवारी धनीले त्यस्तो सामान भण्डारणको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) भार छुट्याउन नसकिने/नमिल्ने सामानको कूल वजन तोकिएको भन्दा बढी भई ढुवानी गर्नु परेको अवस्थामा नजिकको यातायात व्यवस्था कार्यालयबाट पूर्व स्वीकृति लिएर मात्र ढुवानी गर्नु पर्नेछ ।

**१८. धर्मकाँटा सञ्चालकको कार्य सीमाः** धर्मकाँटाको प्रयोग मालवाहक सवारी साधनको तौल लिने प्रयोजनका लागि मात्र हुनेछ ।

**१९. धर्मकाँटा सञ्चालन सम्बन्धी विधिको पालना :** (१) धर्मकाँटा सञ्चालन गर्ने प्रयोजनका लागि सडक सीमाभित्र कुनै किसिमको ढाट वा तगारा राख्न पाइने छैन । तर धर्मकाँटा व्यवस्थित गर्ने उद्देश्यले उपयुक्त स्थानमा राखिएको सूचना पाटी वा सङ्केत राख्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपमहानगरपालिका क्षेत्रभित्र धर्मकाँटा सञ्चालन व्यवस्थापन गर्नु परेमा उपमहानगरपालिकाको अन्तिम स्वीकृति अनिवार्य रुपले लिनुपर्नेछ । उपमहानगरपालिकाको स्वीकृति विना कुनै पनि धर्मकाँटा सञ्चालन गर्न दिइने छैन । स्वीकृति दिने निकायले समेत यस स्थानीय तहको सिफारिस अनिवार्य लिनुपर्नेछ ।

(३) निर्दिष्ट स्थानमा राखिएको धर्मकाँटा प्रयोग नगरी अघि बढ्ने मालवाहक सवारी साधनलाई ट्राफिक प्रहरीको सहयोगबाट अघि बढ्न नदिने गरी रोक्ने व्यवस्था गरिनेछ । त्यस्ता सवारी साधनले सोही धर्मकाँटाको प्रयोग गर्नु पर्नेछ वा धर्मकाँटा सञ्चालक तथा ट्राफिक प्रहरीको सहमतिमा अघि आउने धर्मकाँटाको प्रयोग गर्न सक्नेछ ।

(४) धर्मकाँटा चौविसै घण्टा खुल्ला राख्नु पर्नेछ । काबुबाहिरको परिस्थिति बाहेक १० मिनेट भित्रमा एउटा मालवाहक सवारी साधनको तौलको प्रक्रिया पुरा गरिसक्नु पर्नेछ ।

(५) धर्मकाँटा नजिक सूचना तथा सन्देशमूलक बोर्डहरु देखिने गरी राख्ने जिम्मा उक्त धर्मकाँटा सञ्चालन गर्ने संस्थाको हुनेछ । साथै भारवहन तथा धर्मकाँटा सञ्चालनको बारेमा समय समयमा सञ्चार माध्यमहरुमा सूचना र सन्देशहरुको प्रचार प्रसार गर्नु पर्नेछ ।

**२०. बाधा अड्काउ फुकाउने अधिकारः** यस मार्गदर्शन बमोजिम कार्य गर्दा गराउँदा आइपर्ने बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित हुनेछ ।

**२१. निर्देशन र संशोधन :** (१) धर्मकाँटा सञ्चालन सम्बन्धमा व्यवस्थापन समितिको सिफारिस समेतको आधार लिई हेटौंडा उपमहानगरपालिकाले दिएको निर्देशन सम्बन्धित संस्थाले पालना गर्नु पर्नेछ ।

(२) यस मार्गदर्शनमा उल्लेखित कुनै पनि विषयमा आवश्यकता अनुसार व्यवस्थापन समितिको सिफारिसको आधारमा नगर कार्यपालिकाले संशोधन वा खारेजी गर्न सक्नेछ ।

२२. **बचाऊ :** यो कार्यविधि संघीय, प्रादेशिक र नगर सभाबाट पारीत अन्य कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**प्रमाणीकरण गर्ने**

**नाम थर : पुष्पराज शाही**

**पद : प्रमुख प्रशासकीय अधिकृत**

**पृष्ठ संख्या : ७**

**मिति : २०७५।१०।०२**

आज्ञाले,

पुष्पराज शाही

प्रमुख प्रशासकीय अधिकृत